# धन्यवाद

मार्टिन चौतारीले माओवादी विद्रोहलाई केन्द्रित गरेर पूर्व प्रकाशित लेखहरूको स्रोत सँगालो निकाल्ने विचार गर्दागर्दै धेरै वर्ष बित्यो । यसैबीच धेरै राजनीतिक उथलपुथल भए । यही कारण पनि यो पुस्तकको तयारीमा लामो कथा गाँसिएको छ ।

माओवादी विद्रोहले पाँच वर्ष पूरा गरिसकेपछि मार्टिन चौतारीले 'विद्रोह' का ती वर्षहरूलाई लक्षित गरेर पुस्तक प्रकाशन गर्ने तयारी गरेको थियो । र छैटौं वर्ष चलिरहेको अवधिमा पुस्तक तयारीको क्रम एक हिसाबले जारी थियो । तर पुस्तक तयार गर्दागर्दै नेपालको राजनीतिले कोल्टे फेर्न थाल्यो । माओवादी विद्रोह मात्रै नभएर सम्पूर्ण राजनीतिले नै बेजोडको रफ्तार समात्न थालेपछि प्रारम्भिक कामको चरण पार गरिसकेको पुस्तक त्यसबेलाका सम्पादकहरूको कारण थन्किन पुग्यो । त्यसपछि 'माओवादी विद्रोह' सम्बन्धी स्रोत सँगालो मार्टिन चौतारीको लागि धेरै वर्षलाई कथा बन्यो । यही कारण आज तपाईंहरूको हातमा भएको पुस्तक एकप्रकारले ६ वर्षअघि नै प्रारम्भ भएको थियो । त्यसैले त्यसबेला लेखहरू सङ्कलन गर्न सहयोग गर्नुभएका नवराज हुमागाईं र प्रभाकर गौतमप्रति हामी विशेष कृतज्ञ छौँ । साथै त्यसबेला प्रारम्भिक चरणको लेख छनोट गर्नुहुने अनिल भट्टराईप्रति हामी आभारी छौँ । यद्यपि

विभिन्न राजनीतिक उतारचढावको कारण तत्कालीन अवस्थामा सम्पादनको जिम्मा लिएकाहरूले यो पुस्तक ननिकाल्ने निर्णय गरेकोले लामो समय यो खोपामै बस्यो ।

धेरै वर्ष बितिसक्दा समेत यस किसिमको पुस्तकको सान्दर्भिकता नहराएको, बरु यस्तो प्रकृतिको सङ्कलनको झन्झन् आवश्यकता महसुस भएकोले यो पुस्तक निकाल्ने नै निधो हामीले गऱ्यौँ । पछिल्लो चरणमा विभिन्न पत्रपत्रिकामा छरिएका लेखहरू सङ्कलन गर्न मद्दत गर्नुहुने नवराज हुमागाईं, धर्मराज हुमागाईं र तीर्थ विष्टप्रति हामी कृतज्ञ छौँ । यी सामग्री सङ्कलन गर्ने क्रममा मार्टिन चौतारीबाहेक सामाजिक विकास तथा अनुसन्धान केन्द्र, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयमा उपलब्ध स्रोत उल्लेखनीय रह्यो । केही लेखहरू टाइप गर्न सहयोग गर्नुहुने सुनगाभा मल्टिटेककी अनिता श्रेष्ठ र गीता श्रेष्ठलाई धन्यवाद छ । साथै अन्य स्रोत सामग्री जुटाउन, पुस्तक तयारीको क्रममा थप सोधखोज गर्न, भइपरि आउने अन्य सहयोग गर्न सदैव तयार रहने तीर्थ विष्ट, प्रभाकर गौतम, दीपक थापा, झलक सुवेदी, नवीनकुमार श्रेष्ठ, बुद्ध श्रेष्ठ, हर्षमान महर्जन, अनिता दुलाल र कैलाश राईलाई विशेष धन्यवाद छ । अन्तिम चरणमा आवश्यक प्राविधिक सहयोग गर्ने द प्रिन्टहाउसप्रति कृतज्ञ छौँ । पुस्तकको शुद्धाशुद्धि हेर्न सहयोग गर्नु हुने नेत्र आचार्य र शेखर पराजुलीप्रति आभारी छौँ । यस बाहेक पुस्तक तयारीको क्रममा मार्टिन चौतारीकै अन्य सहयोगी मित्रहरू, अन्य संस्था र व्यक्तिहरूबाट प्राप्त प्रत्यक्ष-अप्रत्यक्ष सहयोगप्रति हामी अनुगृहीत छौँ । विशेष गरी लामो समय पुस्तक ढिलो हुँदा मार्टिन चौतारीको कार्यकारी समितिबाट निरन्तर उत्साह र सहयोग नपाएको भए यस पुस्तकको प्रकाशन सम्भव थिएन ।

यस पुस्तकको प्रकाशन नर्वेजीयन चर्च एड (Norwegian Church Aid) को आर्थिक सहयोगमा भएको हो । पुस्तक प्रकाशनमा भएको ढिलाइका बाबजुद प्रारम्भमा हेन्स आइनस हेम र पछि सुजाथा वीजेतिलकेले सराहनीय उदारता देखाए । यसको लागि उहाँहरू र नर्वेजीयन चर्च एडप्रति हामी गुणग्राही छौँ ।